# धनगढी उपमहानगरपालिकाको कार्यालय,

# धनगढी कैलाली

## आशयपत्र माग गर्ने सूचना

**प्रकाशित मिति .२०७६।०६।०५**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस कैलाली जिल्लामा सुरक्षित बैदेशिक रोजगार सम्बन्धि सूचनातथा परामर्श केन्द्र सञ्चालन गर्न तथा धनगढी उपमहानगरपालिका, टीकापुर नगरपालिका, घोडाघोडी नगरपालिका, र जानकी गाउँपालिकामा सचेतिकरण कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तिय साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन परियोजना (Safer Migration Project) का लागि आवश्यक परामर्श सेवाउपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धि आशयपत्र आह्वान **(Expression of Interest)** गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्रमा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा धनगढी उपमहानगरपालिकाको कार्यालय, धनगढी कैलालीमा आईपुग्ने गरि निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सूचीकरणको आधार एवं अन्यथप आवश्यक जानकारीहरु धनगढी उपमहानगरपालिकाको वेभसाईट (http://www.dhangadhimun.gov.np/) बाट डाउनलोड गर्न सकिने छ ।

१। **आशयपत्रदाताको योग्यताः**
   (क) अनुभवःकम्तिमा पाँच वर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।
   (ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ ।

२। प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समयः कम्तिमा तीनवर्ष परामर्श सेवाप्रदान गर्नु पर्नेछ ।

३। संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धि प्रस्ताव माग गरिने छ ,

४। आशयपत्रदाताले आशयपत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

५। आशयपत्र पेश गर्ने स्थानः धनगढी उपमहानगरपालिकाको कार्यालय, धनगढी, कैलाली

६। आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारबाही गरिने छैन ।

७। सुरक्षित आप्रवासन सम्बन्धि परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

८। यो सेवाप्रदान गर्नको लागि कुनै पनि ब्यक्ति वा संस्था सँग उप-सम्झौता (Sub-contract) गर्न पाईने छैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालनसँग उपसम्झौता गर्न यो बुँदाले बाधा पुऱ्याउने छैन ।

**आवश्यक थप जानकारीका लागि सम्पर्क ठेगाना र सम्पर्क ब्यक्तिः** धनगढी उपमहानगरपालिका सामाजिक विकास शाखा प्रमुख श्री टंक बहादुर बिष्ट सम्पर्क ०९१-५२०४२९/९८४८४४९८५७